नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३६ अंक ५० २०८३ साल भदौ ३१ गते बुधबार (16 Sep 2026 Wednesday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'एआई'को प्रयोग गरी कर्मकाण्ड.. ३ पृष्ठमा : 'संविधान संशोधन बहसपत्र ... ३ पृष्ठमा :मेल-इन मतदान रोक्ने...

# भारतीय प्रहरीले नेपाली भूमीबाट एक यूवकलाई पक्राउ गरि लगेको विरोधमा स्थानीयद्वारा प्रदर्शन तथा प्रहरी चौकी घेराउ



**दैनिक समाचारदाता**
**राजविराज, ३० भदौ ।**

सप्तरीको बलानबिहुल गाउँपालिका ४ बेल्हीमा सोमबार राती भारतीय प्रहरीले स्थानीय एक यूवालाई घरबाटै पक्राउ गरि लगेपछी मंगलबार बिहान उक्त बजार क्षेत्रमा स्थानीयले प्रदर्शन तथा प्रहरी चौकी घेराउ गरेका छन् ।

नेपाली भूमीमा हतियारसहित प्रवेश गरेका भारतीय प्रहरीको ४/५ जनाको समूहले स्थानीय २२ वर्षिय अभिनन्दकुमार यादवलाई हातपात गर्दै लगेको भन्दै आफन्त तथा स्थानीयले यसरी बिरोध प्रदर्शन गरेका हुन् ।

उनीहरुले ठाउँ ठाउँमा टायर बालेर प्रदर्शन गर्नुका साथै प्रहरी चौकी बेल्ही घेराउ समेत गरेका छन् । राती १२ बजेको समयमा दादागिरी शैलीमा भारतीय प्रहरी प्रवेश गर्नु तर सीमामा तैनाथ नेपाल प्रहरीले कुनै अवरोध नगर्नु आश्चर्यको विषय रहेको गाउँलेहरुको भनाई छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक हेमराज घिमिरेले उक्त घटनाको विषयमा अनुसन्धान गर्दै जाँदा भारतमा भएको कुनै अपरा पर्सधिक घटनाको छानबिन गर्ने क्रममा अभिनन्दलाई भारतीय प्रहरीले नियन्त्रणमा लिएर गएको पत्ता लागेको बताए । उनले घटना सम्बन्धमा भारतीय प्रहरीसँग थप विवरण माग गरिएको बताए ।

## मोटरसाइकलको ठक्करबाट चार वर्षिय बालकको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, ३० भदौ ।**

सिरहाको गोलबजार नगरपालिका-१३ मा मोटरसाइकलको ठक्करबाट चार वर्षीय बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय रामदयाल यादवका चार वर्षीय छोरा आयान्स कुमार यादव रहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार बालक मंगलबार बिहान आफ्नै घरअगाडि खेलिरहेको अवस्थामा नम्बर नखुलेको मोटरसाइकलले ठक्कर दिएको थियो । दुर्घटनामा गम्भीर घाइते भएका बालकलाई उपचारका लागि गोलबजारतर्फ ल्याउने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न मोटरसाइकल र चालकको पहिचान खुल्न सकेको छैन । प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

## सरुवा भएका कर्मचारीलाई रमाना नदिए कार्यालय प्रमुख र लेखा प्रमुखबाट तलब असुलिने

काठमाडौँ, ३० भदौ (रासस) ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवा भएका निजामती कर्मचारीलाई तोकिएको अवधिभित्र अनिवार्य रूपमा रमाना दिन सबै मन्त्रालय, आयोग, सचिवालय, सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहलाई आग्रह गरेको छ ।

मन्त्रालयले सरुवा भएका कर्मचारीलाई विभिन्न बहानामा साविककै कार्यालयमा राखेर कामकाज गराउने तथा सरुवा भइसकेपछि पनि रमाना नदिई पुरानै कार्यालयबाट तलबभत्ता भुक्तानी गर्ने प्रवृत्ति देखिएपछि सम्बन्धित सबै निकायलाई आग्रह गरेको हो ।

मन्त्रालयले मंगलबार परिपत्र जारी गर्दै निजामती सेवा नियमावलीअनुसार सरुवा भएको कर्मचारीलाई तोकिएको अवधिभित्र रमाना नदिइ साविककै कार्यालयबाट तलबभत्ता भुक्तानी गरिएमा रमाना दिनुपर्ने म्यादभन्दा बढी अवधिको त्यस्तो तलबभत्ता सम्बन्धित कार्यालय प्रमुख र भुक्तानी दिने लेखा प्रमुखबाट असुलउपर गर्ने व्यवस्था रहेको जनाएको छ ।

मन्त्रालयका अनुसार पछिल्लो समय सरुवा भएका कर्मचारीलाई नियमावलीमा तोकिएको बहाली म्याद सकिँदासमेत रमाना नदिने, विभिन्न बहानामा साविककै कार्यालयमा राखेर काम गराउने र सरुवा भइसकेपछि पनि पूर्व कार्यालयबाटै तलबभत्ता भुक्तानी गर्ने गरेको पाइएको छ । यसले स्थानीय तहमा जनशक्ति अभाव भई सेवा प्रवाहमा गम्भीर समस्या सिर्जना हुन पुगेको मन्त्रालय जनाएको छ ।

मन्त्रालयले सरुवा भएका निजामती कर्मचारीलाई कानुनले तोकेको अवधिभित्र अनिवार्य रूपमा रमाना दिन र अन्यथा कानुनबमोजिम हुने व्यहोरा सम्बन्धित निकायलाई जानकारी गराएको छ ।

सरुवा भएका कर्मचारीलाई रमाना नगरी तलबभत्ता भुक्तानी गरेको पाइएमा लेखापरीक्षणका क्रममा उक्त विषयलाई बेरुजु कायम गरी निर्णय कार्यान्वयनमा सहयोग गर्न महालेखा परीक्षकको कार्यालयलाई र निर्णय कार्यान्वयनमा सहयोग गर्न मातहतका सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई परिपत्र गरिदिन महालेखा नियन्त्रकको कार्यालयलाई समेत आग्रह गरेको छ ।

## प्रधानमन्त्री राहत कोषमा १३ अर्ब ६८ करोड मौज्दात

काठमाडौँ, ३० भदौ (रासस) ।

प्रधानमन्त्री राहत कोषमा आर्थिक सङ्कलन बढ्दै गएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार हाल कोषमा कुल १३ अर्ब ६८ करोड ७३ लाख ५४ हजार ६०६ रूपैयाँ मौज्दात रहेको छ ।

कोषमा जम्मा भएको उक्त रकममध्ये ९ वटा

*बाँकी अन्तिम पृष्ठमा*

## अपहरणमा परेको १२ दिनपछि १५ महिने बच्चाको सकुशल उद्धार

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ३० भदौ ।**

धनुषाको बिदेह नगरपालिकाबाट करिब दुई साताअघि अपहरणमा परेका १५ महिने बालकको प्रहरीले सकुशल उद्धार गरेको छ ।

यही भदौ १८ गते अपहरणमा परेका धनुषाको बिदेह नगरपालिका-६ कमलेश महतोको १५ महिने छोरा सिद्धान्त महतोलाई गए राति सोही नगरपालिका-१ स्थित दशगज्जा क्षेत्रबाट सकुशल उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले पत्रकार सम्मेलनमार्फत जानकारी दिएको हो ।

बच्चालाई छाडेर भाग्दै गरेको अवस्थामा धनुषाको कमला नगरपालिका-९ पुनितादेवी पासवानलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए ।

बच्चा अपहरणमा परेको सूचना पाए लगत्तैबाट तालिम प्राप्त कुकुरसहित प्रहरीको टोलीले खोजतलाश अनुसन्धान गर्दै जाँदा बच्चा राखेको ठाउँमा प्रहरी पुगेपछि बच्चालाई छोडेर भाग्न खोज्दा ती महिलालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

सकुशल उद्धार गरिएका बच्चालाई अभिभावकको जिम्मा लगाइएको छ भने पक्राउ परेकी महिलामाथि अपहरण, शरीर बन्धक, मानव बेचबिखन तथा ओसारपोसारसम्बन्धी अभियोगमा मुद्दा दर्ता गराइ थप अनुसन्धान भइरहेको जानकारी दिइएको छ ।

**प्रविधिको प्रयोग व्यवस्थित गरौं**

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।

**प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### अभिभावकविहीन बालबालिकाको संरक्षण आवश्यक

बाढीका कारण अभिभावक गुमाएका वा परिवारबाट छुट्टिएका बालबालिकाको अवस्था अझ संवेदनशील हुन्छ। यस्तो अवस्थामा उनीहरूको तत्काल उद्धारसँगै दीर्घकालीन संरक्षण, शिक्षा, स्वास्थ्य र मनोसामाजिक सहयोगमा विशेष ध्यान दिन आवश्यक छ। अभिभावकविहीन बालबालिका सुरक्षित आवास, खानपान र शिक्षाबाट वञ्चित हुन सक्ने सम्भावना हुन्छ। उनीहरू बेचबिखन, बालश्रम, हिंसा तथा दुर्व्यवहारजस्ता जोखिममा समेत पर्न सक्छन्। त्यसैले विपद्पछि राहत वितरणलाई केवल खाद्यान्न र कपडामा सीमित नगरी बालबालिकाको सुरक्षा र अधिकारलाई प्राथमिकतामा राख्नुपर्छ। स्थानीय तह, प्रदेश तथा संघीय सरकार, बाल संरक्षणसम्बन्धी निकाय, सुरक्षा निकाय र सामाजिक संघसंस्थाबीच प्रभावकारी समन्वय आवश्यक छ। अभिभावकविहीन वा परिवारबाट छुट्टिएका बालबालिकाको पहिचान गरी सुरक्षित स्थानमा राख्ने, परिवारको खोजी तथा पुनर्मिलन गराउने र आवश्यक परे वैकल्पिक पारिवारिक हेरचाहको व्यवस्था गर्नुपर्छ। बालगृहमा राखिएका बालबालिकाको अवस्था र भविष्यप्रति पनि नियमित निगरानी आवश्यक छ।

यता 'बालापनको रक्षा: भविष्यको सुरक्षा' भन्ने नाराका साथ बालमैत्री वातावरणमा बाल अधिकार प्रवर्द्धन गर्न/गराउन नागरिक समाज तथा सबै सरोकारवालालाई थप जिम्मेवार र जवाफदेही बनाउने उद्देश्यले प्रत्येक वर्ष भदौ २९ गते राष्ट्रिय बाल अधिकार दिवस मनाइने गरिन्छ। तर यस पटक यही भदौ १० गते भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको विनासकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा धनजनको क्षतिका कारण बाबुआमा, संरक्षक तथा अभिभावक गुमाएका, बेपत्ता भएका वा बालबालिका स्वयं नै घाइते वा बेपत्ता भएका बालबालिकाको उद्धार, राहत र संरक्षण गर्नुपर्ने आवश्यकता छ।

बाढीले उनीहरूको अभिभावक खोसेको भए पनि राज्य र समाजले अभिभावकीय जिम्मेवारी निर्वाह गर्नुपर्ने उत्तिकै आवश्यक छ। त्यस्ता बालबालिकालाई अस्थायी संरक्षण र मनोसामाजिक परामर्शलगायतका सेवा उपलब्ध गराउनु पर्ने चुनौती समेत थपिएको छ। तसर्थ बाढी प्रभावित क्षेत्रमा अभिभावकविहीन भएका प्रत्येक बालबालिकाको तथ्यांक संकलन गरी सुरक्षित भविष्य सुनिश्चित गर्न तत्काल विशेष कार्यक्रम सञ्चालन गरिनुपर्छ।


### बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : राजविराज दैनिक


# 'एआई'को प्रयोग गरी कर्मकाण्ड विधिको विकास गरे नेपाली सन्तले

**पूर्णप्रसाद मिश्र**
काठमाडौं, ३० भदौ (रासस)।

वैदिक सनातन हिन्दू धर्मावलम्बीले गर्ने नित्य, नैमित्तिक र काम्य कर्मका विधि समावेश गरिएका कर्मकाण्ड विधानलाई कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोग गरी इन्टरनेटमा राखी सहज बनाइएको छ। धर्म, संस्कृतिको संरक्षणका लागि आम मानिसलाई सेवा गर्ने उद्देश्यले वैदिक अनुसन्धान गुठी (वाग्) ले कर्मकाण्ड विधिलाई सहज रूपमा 'मोबाइल एप डाउनलोड' गरी कर्म गर्न, गराउन सकिने गरी सार्वजनिक गरेको हो। यसका लागि वाग्का अध्यक्षसमेत रहनुभएका युवा सन्त डा स्वामी केशवानन्द गिरिको नेतृत्वमा ४० जना जनशक्तिले दुई वर्षसम्म गृहकार्य गरिएको थियो। धर्म रक्षा र वैदिक सनातन हिन्दू धर्मावलम्बीको सेवाका लागि दान दिएका दाताको करिब रु ७० लाखको लागतमा यो काम सम्भव भएको हो।

विश्वमै पहिलोपटक मोबाइल एपमा यो सेवा उपलब्ध गराउन सफल भएको उहाँले बताउनुभयो। यो एपको प्रयोग गरी कर्म गराउने गुरु पुरोहित र कर्म गर्ने कर्ताले समेत धर्मशास्त्रसम्बन्धी जिज्ञासा पनि राख्नसक्ने व्यवस्था मोबाइल एपमा गरिएको छ। शुक्ल यजुर्वेद, माध्यन्दिनीय शाखा सूत्र भएकाका कर्मको निर्धारण गरिने धर्मसिन्धु, निर्णयसिन्धु, याज्ञवल्क्य स्मृतिलगायत ग्रन्थमा भएको व्यवस्थाअनुसार प्रश्नकर्ताले इन्टरनेटकै माध्यमबाट सोधिएका जिज्ञासाको जवाफ पाउने डा स्वामी केशवानन्द गिरि बताउनुहुन्छ।

यो एपमा पात्रो (पञ्चाङ्ग) पनि राखिएको छ। सूर्य सिद्धान्त र दृग् गणना दुवै आधारमा गणित गरिएको पात्रो एपमा राखिएको छ। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले स्वीकृति दिएका पात्रोमा राखिएका मुहूर्त र साइतमा पनि एपमा समावेश गरिएको छ। मुहूर्त पछिसम्म हेर्न सकिने गरी एपमा राखिएको छ। दैनिक, मासिक र वार्षिक राशिफल पनि यो एप डाउनलोड गर्ने प्रयोगकर्ताले हेर्न पाउनेछन्।

प्रयोगकर्ताले राखेको वास्तविक समयका आधारमा सङ्कल्प पनि एपले देखाउँछ। गुरु पुरोहितले यसको वाचन मात्र गरेर कर्म गराउन सक्छन्। सङ्कल्पमा उल्लेख गर्नुपर्ने सबै विषय वास्तविक समय र स्थानका आधारमा एआईले एपमै उपलब्ध गराउँछ। यसका लागि नेपालका करिब सात हजार नदी, नालाको नाम पनि यो एपमा समावेश गरिएको छ। नेपालका तीर्थहरू पनि यो एपमा राख्ने क्रम अन्तिम चरणमा पुगेको स्वामी केशवानन्द गिरिले बताउनुभयो।

विश्वका मुख्य, मुख्य नदी पनि समावेश गरिएको छ। विश्वका विभिन्न भागमा रहेका अन्य नदी, नालालाई समावेश गर्ने क्रम चलिरहेको पनि उहाँले सुनाउनुभयो। विश्वको जुन कुनामा बसेर यो एपमा वास्तविक समय राखिन्छ। त्यी समय र स्थानका आधारमा एआई विधिबाट एकै छिनमा सङ्कल्प तयार भएर मोबाइलको स्किनमा आउँछ। जसले गर्दा शुद्ध कर्म गराउने गुरु, पुरोहितको अभाव रहेको अवस्थामा सहज रूपमा कर्म गराउन सहयोग मिल्छ।

**चार भाषामा कर्मकाण्ड विधि**

वेदका मूल मन्त्र संस्कृत भाषामै राखिएको छ। कर्मकाण्डको विधि भने नेपाली, संस्कृत, अङ्ग्रेजी र हिन्दी गरी चार भाषामा राखिएको छ। जसबाट विश्वको जुनसुकै कुनामा रहेका वैदिक सनातन हिन्दू धर्मावलम्बी लाभान्वित हुनेछन्। कुन कर्मका लागि पूजा सामग्री के कति चाहिन्छ ? यजमानले के के गर्नुपर्छ ? भन्ने प्रश्नको जवाफ पनि एपबाट नै पाउन सकिन्छ। कर्म गराउने ब्राह्मण र कर्म गर्ने यजमानको कर्तव्य पनि एपमा उपलब्ध गराइएको छ। कुन कर्ममा के आवश्यक पर्छ र केलाई निषेध गरिएको छ भन्ने पनि स्पष्ट रूपमा राखिएको छ। मात्रासहितको पूजा सामग्रीको जानकारी यो एपबाट पाइन्छ। गुरु, पुरोहित र यजमान दुवै थरीले हेर्न मिल्ने गरी 'सफ्टवेयर' विकास गरिएको छ। सुरु गरेको चार महिनाभित्रमा यसका सबै अङ्ग स्थापित हुने गुठीले जनाएको छ।

एपमा चान्द्रमासअनुसार तिथि राखिएको छ। गोत्र, प्रवरको सूची पनि यहीं राखिएको छ। यो एपमा कम्पास पनि राखिएको छ। जसबाट कुन दिशा कता हो भन्ने जानकारी लिएर कर्म गराउन सहज बनाउँछ। विभिन्न तिथि, मितिलगायतको परिवर्तन (कन्भर्ट) गर्ने सेवा पनि यो एपले उपलब्ध गराएको छ। यो एप मोबाइलमा 'डाउनलोड' गरेर अफलाइनमा पनि कर्म गराउन सकिन्छ। तर अफलाइनमा रहेका बेला वास्तविक समय र स्थान राखेपछि आउने सङ्कल्प भने आउँदैन। यो एपमा कुण्डली निर्माणको वाग् 'सफ्टवेयर' पनि राखिएको छ। एआईले गर्ने फलादेश पनि यहीँबाट पाउन सकिन्छ।

धर्मशास्त्र र ज्योतिषसहितको यो कर्मकाण्ड 'सफ्टवेयर' नेपालमा मात्र नभई विश्वमै पहिलो भएको यसको निर्माणमा अहोरात्र दुई वर्ष खटिनुभएका स्वामी केशवानन्द गिरिले जानकारी दिनुभयो। यस्तो 'सफ्टवेयर' अहिलेसम्म भारतमा पनि बनेको थिएन। जसलाई कम्प्युटरको अत्याधुनिक प्रविधि एआईको प्रयोग गरेर निर्माण गरिएको छ। यो एआई मोडललाई 'ट्रेन' गर्न वागले अमेरिकाबाट नेपाली रु १० लाख पर्ने अत्याधुनिक कम्प्युटरसमेत नेपाल भित्र्याएको उहाँले बताउनुभयो। यसका लागि वाग् अमेरिका शाखाका अध्यक्ष तुलसीराम सुवेदीले पनि सहयोग गर्नुभएको छ।

यो एपमा राख्न विवाह, व्रतबन्धको विधि पनि तयार भएको छ। सबै देवी, देवताका स्तोत्र पनि यही एपमा राख्न लागिएको छ। वागले धर्म सेवाको मुख्य उद्देश्यले यो काम गरेकाले अहिलेलाई मोबाइलमा डाउनलोड गरी निःशुल्क उपयोग गर्न सकिन्छ। यसबाट धर्मरक्षाका साथै धर्मशास्त्रका ग्रन्थको पनि सुरक्षा हुने विश्वास गरिएको छ। यसबाट वैदिक वाङ्मयको विश्वव्यापी प्रचार पनि हुनेछ। यो काम नेपालबाटै हुनुले वैदिक ज्ञानको विश्वव्यापी नेतृत्वले नेपाल गर्नसक्ने सन्देश पनि प्रवाह हुनेछ।

**शास्त्रीय ग्रन्थ अनुवाद गरेर एपमा राखिने**

रामायण, महाभारतलगायत पूर्वीय दर्शनका ग्रन्थको नेपाली अनुवाद गरी यो एपमा राख्नका लागि पनि काम भइरहेको छ। यसमा विद्वान्हरूले काम गरिरहनुभएको छ। स्वामी केशवानन्द गिरिले नै तयार पार्नुभएको नेपाली, संस्कृत, अङ्ग्रेजी र हिन्दी भाषामा बनाइएको शब्दकोश पनि यो एपमा राखिने छ। एक दशकअघि उहाँले यो शब्दकोश मोबाइल र कम्प्युटरमा खोल्न सकिने गरी उहाँले तयार गर्नुभएको हो।

नेपालभर रहेका धार्मिक तीर्थस्थल, गुरुकुल, गौशालाको जानकारी पनि यो एपमा समावेश गरिने छ। यी सामग्री पनि एक वर्षभित्र एपमा राखिसक्ने गरी वागले काम गरिरहेको छ। एपका माध्यमबाट कर्म गराउन सहज हुन्छ। मोबाइल राखेर कर्म गराउँदा पुस्तक राखेजस्तो आस्था भने नहुन सक्छ। जुनसुकै कर्म गराउन ठूला, ठूला पुस्तक बोकेर हिँड्नु पर्दैन। एप डाउनलोड गरेको मोबाइल बोके पुग्छ। मोबाइलमा आउने एपको प्रयोग गर्दा यसको पठनपाठनमा कमी आउन सक्छ। यो एपको प्रयोग गर्दा केही बेफाइदा भए पनि धेरै भने फाइदा नै छन्।

शुद्ध सङ्कल्प र वाक्य मोबाइल एपमै आउने भएकाले विश्वका जुनसुकै कुनामा पनि धार्मिक कृत्य गर्दा एकरुपता र शुद्धता हुन्छ। यो एपको प्रयोग नगरी पुस्तकका आधारमा कर्म गर्दा ठाउँ अनुसार कर्म गराउने विधिमा केही फरक हुने गरेको थियो। मोबाइलमा विधिका पुस्तक उपलब्ध हुँदा पुस्तक राख्ने ठाउँको आवश्यकता पर्दैन। यो एपले नयाँ पुस्तालाई धर्म, संस्कृतितर्फ आकर्षण गराउन सहयोग गर्छ।

देशका विभिन्न भागमा कर्मकाण्ड गराउने गुरु, पुरोहितलाई यो प्रविधिका बारेमा प्रशिक्षित गराउने योजना पनि वाग्को छ। कर्म गराउन सक्ने गुरु, पुरोहितको परीक्षा लिएर सूची पनि एपमै राखेर यजमानलाई पनि सहज बनाइने स्वामी केशवानन्द गिरिले बताउनुभयो। यसरी लिइने परीक्षा पनि अनलाइन प्रविधिबाट नै गरिने योजना पनि वागले अघि सारेको छ। अनलाइन परीक्षापछि कर्मकाण्ड गराउने गुरु, पुरोहितको योग्यताअनुसारको सूची मोबाइल एपमै उपलब्ध गराइने छ। यसका लागि नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिसँग पनि सहकार्य गर्न सकिने उहाँले बताउनुभयो। जसबाट यजमानलाई योग्य गुरु, पुरोहितका विषयमा जानकारी पाउन सजिलो हुन्छ।

एपको यो सुरुवाती भर्सन भएकाले यसमा सुधार गर्दै जाने स्वामी केशवानन्द गिरि बताउनुहुन्छ। विदेशमा रहेका नेपालीलाई धर्म र आस्थासँग जोड्न यसले सहज रूपमा सहयोग गर्छ। गौशाला, गुरुकुलका विषयमा एपमा जानकारी राखेपछि प्रत्येक कर्म गर्दा गोदानका रूपमा गुरु, पुरोहितले लिने दक्षिणा कर्म गरेको नजिकको गौशालालाई दिन चाहनुहुन्छ कि ? भन्ने जिज्ञासा पनि गुरु, पुरोहितलाई एपमै राखिनेछ। दिन चाहेमा अनलाइनबाट त्यो रकम दिन सकिने गरी 'सफ्टवेयर' विकास गरिएको छ। नजिकको गुरुकुलका विषयमा जानकारी एपमा राखेपछि सिदा गुरुकुललाई दिने कि भनी अनलाइनबाट सोधिनेछ। गुरु, पुरोहितले चाहेमा दिन सक्नेछन्। सम्बन्धित कर्मबाट प्राप्त भएको दक्षिणाको १० प्रतिशत रकम पनि ती गौशाला, गुरुकुल वा नजिकको तीर्थस्थललाई दिन चाहेमा दिन सकिने व्यवस्था मिलाइएको छ। यसका माध्यमबाट वागले यो शिक्षाको सुरक्षा गर्न खोजेको हो।

**वैदिक सनातन धर्म र संस्कृतको अध्ययन, अनुसन्धानका लागि वाग्**

वैदिक सनातन धर्म र संस्कृत शिक्षाको अध्ययन, अनुसन्धान, संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार गरी वैदिक वाङ्मय एवं संस्कृतभित्र निहित ज्ञानविज्ञानको महत्व दर्शाउने उद्देश्यले वाग्को स्थापना भएको हो। नेपालभित्र मात्र नभई सम्पूर्ण विश्वमा संस्कृतको महत्व बढिरहेको बेला अध्ययन, अनुसन्धान, विश्लेषण तथा खुला, पारदर्शी, न्यायपूर्ण, आत्मनिर्भर र समतामूलक समाज निर्माण गर्ने कार्यमा वैदिक वाङ्मयको सार्वकालिक, सार्वभौम तथा सार्वजनीन उपयोगिता सिद्ध गर्न गुठीले काम गरिरहेको छ।

यसका लागि आवश्यक अध्ययन-अनुसन्धान गर्दै वर्तमान र भावी पुस्ताका नेपाली एवं विश्व समुदायलाई समेत गुठीको उद्देश्य पूर्तिका लागि प्रोत्साहित र अभिप्रेरित गर्न नागरिकस्तरमा एक अध्ययन, अनुसन्धान र जागरणमूलक गुठी स्थापना गर्न आवश्यक देखिएकाले डा स्वामी केशवानन्द गिरिको सत्सङ्कल्पमा वैदिक अनुसन्धान गुठी (वाग्) नामक एक सार्वजनिक गुठी स्थापना गरिएको हो।

*बाँकी तीन पृष्ठमा*

# ‘संविधान संशोधन बहसपत्र मस्यौदा होइन, प्रारम्भिक दस्तावेज हो’

काठमाडौँ, ३० भदौ (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मोहनलाल आचार्यले संविधान संशोधन बहसपत्र संविधान संशोधनको मस्यौदा नभई त्यसका लागि आवश्यक आधार तयार गर्ने प्रारम्भिक दस्तावेज भएको स्पष्ट पार्नुभएको छ। प्रतिनिधिसभाको मंगलबारको विशेष समयमा भाग लिँदै उहाँले संविधानमा रहेका कमी-कमजोरी पहिचान गरी संशोधनका लागि आवश्यक विषयको समीक्षा गर्न बहसपत्र तयार गर्ने कार्य अघि बढाइएको बताउनुभयो।

“यो आफैँमा संविधान संशोधनको प्रक्रिया थिएन। केवल संविधान संशोधनका लागि हालसम्म भएका अभ्यासबाट सिकेका पाठका आधारमा कहाँ-कहाँ काम गर्न कठिनाइ भयो र कुन-कुन विषयमा संशोधन गर्न आवश्यक छ भन्ने समीक्षा गरी संविधान संशोधनका लागि आधार तयार पार्नु मात्रै थियो”, आचार्यले भन्नुभयो।

सांसद आचार्यका अनुसार सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँडमा दोहोरो तथा तेहेरो अधिकार देखिएको, एकल र साझा अधिकारका विषयमा द्विविधा रहेको तथा निजामती ऐन, विद्यालय शिक्षा ऐन र कृषि ऐनलगायत विषय कार्यान्वयनमा कठिनाइ देखिएका कारण संविधान संशोधन बहसपत्र तयार गर्ने आवश्यकता महसुस गरिएको हो। उहाँले संविधानको भाग २७ अन्तर्गत रहेका विभिन्न संवैधानिक आयोगको प्रभावकारितालगायत विषयमा संविधान पुनरावलोकन आवश्यक रहेको बताउनुभयो। संविधानको धारा २६५ मा संवैधानिक आयोगको पुनरावलोकनसम्बन्धी व्यवस्था रहेको उहाँको भनाइ छ।

सांसद आचार्यले २०८१ भदौ २२ गते नेपाली कांग्रेस र नेकपा (एमाले)बीच भएको सातबुँदे सहमतिमा संविधान संशोधन गर्ने स्पष्ट प्रतिबद्धता रहेको स्मरण गराउँदै संविधान संशोधनको आवश्यकता यसअघि नै राजनीतिक तहबाट स्वीकार गरिएको दाबी गर्नुभयो। कार्यदलले ९० दिनसम्म छलफल गरेको, २२ वटा औपचारिक बैठक बसेको तथा १८४ व्यक्ति र १५० निकाय तथा सङ्घसंस्थासँग प्रत्यक्ष छलफल गरेको उहाँले जानकारी दिनुभयो।

सांसद आचार्यले त्यस क्रममा विद्युतीय तथा प्रत्यक्ष माध्यमबाट ४४ हजार ६१३ सुझाव सङ्कलन गरिएको र ती सुझावलाई २० वटा विषयगत क्षेत्रमा वर्गीकरण गरी विश्लेषणको आधारमा प्रतिवेदन तयार गरिएको बताउनुभयो। बहसपत्रका विषयमा संविधान संशोधन आवश्यक थियो कि थिएन भन्ने प्रश्नसमेत उठाइएको भन्दै उहाँले संविधानको धारा २७४ ले संविधान संशोधनको बाटो स्पष्ट गरेको दाबी गर्नुभयो।

सांसद आचार्यले बहसपत्रमार्फत शासकीय स्वरूप, सङ्घीयता, गणतन्त्र र धर्मनिरपेक्षताजस्ता संविधानका आधारभूत विषय परिवर्तन गर्न खोजिएको भन्ने आरोप अस्वीकार गर्नुभयो। संविधानको आधारभूत संरचनालाई नछोई संविधानलाई थप प्रभावकारी बनाउने विषयमा कार्यदलका सदस्यबीच सहमति रहेको उहाँको भनाइ थियो।

# विद्यार्थी, शिक्षक तथा अभिभावकको सुझावका आधारमा पाठ्यक्रम परिमार्जन गर्छौं : शिक्षामन्त्री पोखरेल

काठमाडौँ, ३० भदौ (रासस)।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय समुदायबाट प्राप्त सुझाव र गुनासोलाई आधार बनाएर शिक्षा प्रणाली र पाठ्यक्रममा आवश्यक सुधार गरिने बताउनुभएको छ।

मधेस प्रदेशको भ्रमणका क्रममा सप्तरीका विभिन्न विद्यालयमा पुगेर विद्यार्थी, शिक्षक तथा अभिभावकसँग प्रत्यक्ष संवाद गर्दै उहाँले विद्यार्थीले दिएका सुझाव र गुनासो शिक्षा सुधारका लागि महत्वपूर्ण रहेको बताउँदै प्राप्त सुझावलाई समेटेर अहिलेको पाठ्यक्रममा आवश्यक परिवर्तन गरी नयाँ पाठ्यक्रम निर्माणको प्रक्रिया अघि बढाइने जानकारी दिनुभयो।

उहाँले काठमाडौँमा बन्द कोठामा बसेर मात्र पाठ्यक्रम निर्माण गर्ने अभ्यासलाई अन्त्य गर्नुपर्ने बताउनुभयो। “विद्यार्थी भाइबहिनीले दिएका सुझाव र गुनासो अत्यन्तै मार्मिक छन्,” उहाँले भन्नुभयो, “उहाँहरूले दिएका सुझावलाई सम्बोधन गरेर अहिलेको पाठ्यक्रममा आवश्यक परिवर्तन गरी नयाँ पाठ्यक्रम निर्माण गर्ने दिशामा अघि बढ्छौं।”

यही भदौ २६ गते धनुषाबाट सुरु भएको मन्त्रीसहितको टोलीको मधेस यात्रा सप्तरीको महावीर माध्यमिक विद्यालयमा पुगेर सम्पन्न भएको थियो। यात्राका क्रममा विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीय समुदायसँग शिक्षा क्षेत्रका समस्या, आवश्यकता तथा सुधारका विषयमा सुझाव सङ्कलन गरिएको थियो। मन्त्री पोखरेलका अनुसार यात्राका क्रममा काठमाडौँमा बसेर सहजै जानकारी नहुने शिक्षा क्षेत्रका स्थानीय समस्या तथा व्यावहारिक चुनौतीबारे प्रत्यक्ष जानकारी प्राप्त भएको छ। कक्षाकोठादेखि समुदायसम्म पुगेर सङ्कलन गरिएका अनुभव र सुझावले आगामी शिक्षा ऐनलगायतका कानुन तथा नयाँ राष्ट्रिय पाठ्यक्रम निर्माणमा महत्वपूर्ण आधार प्रदान गर्ने उहाँको भनाइ छ।

उहाँले मधेसमा गुणस्तरीय इन्जिनियरिङ शिक्षाको आवश्यकता अत्यन्तै ठूलो रहेको बताउनुभयो। कृषि शिक्षा विस्तार तथा कृषि कलेज स्थापना पनि मधेसका लागि महत्वपूर्ण आवश्यकता रहेको उहाँले उल्लेख गर्नुभयो।

**विद्यालयमै पुगेर विद्यार्थीका कुरा सुनेपछि**

मन्त्री पोखरेलले सप्तरीको तिलाठीस्थित राष्ट्रिय प्राथमिक विद्यालयको अनुगमन गरी विद्यालयको शैक्षिक अवस्था, विद्यार्थी तथा शिक्षकका समस्या र आवश्यकताबारे जानकारी लिनुभएको थियो। सो क्रममा विद्यार्थीबाट पाठ्यक्रम निर्माणसम्बन्धी सुझाव पनि सङ्कलन गरिएको थियो।

त्यस्तै, बोदेबर्साइन नगरपालिका-३ स्थित श्री ईश्वरी हिया सुरैत जिलेवी जनता माध्यमिक विद्यालय, सारस्वर तथा शम्भुनाथ नगरपालिका-६ स्थित श्री बुद्धिलाल विद्या मुनर नमूना माध्यमिक विद्यालय भगवतपुर बडहरीमा पनि शिक्षा सुधार र पाठ्यक्रम परिमार्जनसम्बन्धी सुझाव सङ्कलन गरिएको थियो।

विद्यालयका प्रधानाध्यापक गजेन्द्रप्रसाद दासले शिक्षामन्त्री विद्यालयमा नै आएर विद्यार्थी तथा शिक्षकका समस्या सुनेकामा खुसी व्यक्त गर्दै विद्यालयको भौतिक पूर्वाधार तथा प्रविधियुक्त शैक्षिक सामग्रीको आवश्यकता रहेको बताउनुभयो।

मन्त्री पोखरेलले राजविराज नगरपालिका तथा खडक नगरपालिकाका केही विद्यालयमा विद्यार्थीहरूसँग प्रत्यक्ष संवाद गरी उनीहरूका सुझाव तथा गुनासो सङ्कलन गर्नुभएको थियो।

विद्यार्थीहरूले पाठ्यक्रममा व्यावहारिक तथा जीवनोपयोगी विषय समावेश गर्नुपर्ने, अध्ययनसँगै सीप विकासमा जोड दिनुपर्ने तथा विद्यालयको भौतिक र प्रविधिगत अवस्था सुधार गर्नुपर्ने सुझाव दिएका थिए।

मन्त्रीसहितको टोलीले बर्दिबासमा निर्माण हुने प्रस्तावित मेडिकल कलेजको स्थलको पनि अवलोकन गरेको थियो। सो क्रममा स्थानीयवासीसँग भेटघाट तथा अन्तरक्रिया गरी मेडिकल कलेज निर्माणसँग सम्बन्धित स्थानीय आवश्यकता, अपेक्षा र सुझावबारे जानकारी लिइएको थियो।

मन्त्री पोखरेलले मधेस प्रदेश सरकारसँग समन्वय गरी शिक्षा तथा खेलकुद क्षेत्रको सुधारका लागि काम गर्नुपर्नेमा जोड दिनुभयो।

यात्राका क्रममा सङ्कलित समस्या, अनुभव तथा सुझावलाई तथ्य र प्रमाणमा आधारित दस्तावेजका रूपमा समेटिने उहाँले बताउनुभयो। नीतिनिर्माण वास्तविक समस्या र स्थानीय आवश्यकतालाई आधार बनाएर हुनुपर्ने भन्दै उहाँले सङ्कलित सुझावलाई आगामी नीति तथा कानुन निर्माणमा उपयोग गरिने स्पष्ट पार्नुभयो।

मन्त्री पोखरेलसँगै प्रतिनिधिसभा सदस्य सीताराम साह, डा अकिता ठाकुर, शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झालगायतको सहभागिता रहेको थियो।

## ‘एआई’को प्रयोग ...

गुठीले शुक्लयजुर्वेद संहिता, अनुवाद चन्द्रिकाका चार भाग, रुद्राष्टाध्यायी, संस्कार शिक्षाका तीन भाग, दशशान्तिमन्त्र, छन्दःशिक्षा, श्रीमद्वाल्मीकी यरामायणका दुई खण्ड, वैदिक पञ्चाङ्ग र वाग् नेपाली संस्कृत शब्दकोश प्रकाशन गरिसकेको छ। यो एपको निर्माणमा सहयोग गर्नुभएका नेपाली मूलका भुटानी सुवेदी हाल अमेरिकाबाट वाग्को आश्रम गौरीघाट आएर वैदिक वाङ्मयको अध्ययनमा लाग्नुभएको छ। यो एपले वैदिक ज्ञान एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण गर्न सहज हुने बताउनुहुन्छ। मोबाइल फोन, ट्याब्लेट, ल्यापटपजस्ता आधुनिक उपकरण प्रयोग गर्ने नव पुस्तालाई ती माध्यमबाट हेर्न र अध्ययन गर्न सकिने एपको विकासले यसतर्फ आकर्षित गर्ने विश्वास पनि उहाँको छ। अडियो, भिडियो र पोडकास्टका माध्यमबाट वैदिक वाङ्मयका बारेमा बुझाउन पनि एपले सहयोग गर्ने विश्वास गरिएको छ।

अमेरिकामा कर्मकाण्ड समेत गर्ने सुवेदी बुबाको पुस्ताबा आफ्नो पुस्तामा आउँदा कर्मकाण्ड गराउने गुरु, पुरोहितको सङ्ख्यामा ५० प्रतिशतले कमी आएको सुनाउनुहुन्छ। अमेरिकाको भर्जिनिया, न्यूयोर्क र क्यालिफोर्नियाजस्ता शहरमा धेरै नेपाली र हिन्दू धर्मावलम्बी पनि भएकाले त्यस्ता ठाउँमा यो एपको महत्व हुने उहाँको विचार छ। नेपालमा क्रियाशील युवा पुस्ताका पण्डितलाई पनि यो एपले आकर्षित गर्ने देखिन्छ। गुरु, पुरोहितका रूपमा विगत दुई दशकदेखि काम गर्दै आउनुभएका कागेश्वरी मनोहरा नगरपालिका-६ मूलपानीका ४३ वर्षीय विदुर सापकोटा यो एपले किताब बोक्नुपर्ने झन्झट नहुने र सङ्कल्प एवं वाक्य पनि शुद्ध हुने भएकाले कर्म गराउन सहयोग पुग्ने बताउनुहुन्छ।

# विश्व समाचार

## मेल-इन मतदान रोक्ने ट्रम्पको प्रयासमा सर्वोच्च अदालतको रोक

वासिङ्टन, ३० भदौ (रासस/एएफपी)।

अमेरिकी सर्वोच्च अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्पले नोभेम्बरमा हुने मध्यावधि निर्वाचनअघि मेल-इन मतदानमा प्रतिबन्ध लगाउने प्रयास तत्काल कार्यान्वयन गर्न नपाउने निर्णय गरेको छ। अदालतले प्रशासनले उक्त योजनामाथिको रोक हटाउन गरेको अनुरोध अस्वीकार गरेपछि लाखौं मतदाताको हुलाकमार्फत मतदान गर्ने अधिकार तत्काल कायम रहने भएको छ।

नौ सदस्यीय अदालतका छ कन्जरभेटिभ न्यायाधीशमध्ये दुई जनाले निर्णयप्रति असहमति जनाउनुभएको थियो। न्यायाधीश ब्रेट काभानगले ट्रम्पको योजना भविष्यमा कानुनी हुन सक्ने भए पनि राज्य तथा स्थानीय निर्वाचन अधिकारीलाई निर्वाचनअघि त्यसलाई कार्यान्वयन गर्न पर्याप्त समय नरहेको बताउनुभयो।

ट्रम्पले मार्चमा मेल-इन मतदानमा प्रतिबन्ध लगाउने कार्यकारी आदेश जारी गर्नुभएको थियो। उहाँले कुनै ठोस प्रमाणविना हुलाकमार्फत हुने मतदानमा धाँधलीको जोखिम रहेको दाबी गर्नुभएको थियो। आदेशविरुद्ध डेमोक्रेटिक नेतृत्वका राज्यहरूले संविधानअनुसार निर्वाचन व्यवस्थापनमा राज्यको व्यापक अधिकार रहेको भन्दै अदालतमा चुनौती दिएका थिए।

ट्रम्पको आदेशले योग्य मतदाताको सूची तयार गरी अमेरिकी हुलाक सेवा (युएसपिएस) लाई सूचीमा रहेका मतदातालाई मात्र मतपत्र उपलब्ध गराउन निर्देशन दिएको थियो। नर्थ क्यारोलिनासहित केही राज्यले मतदातालाई मेल-इन मतपत्र पठाउन थालिसकेकाले विभिन्न राज्यका अधिकारीले कानुनी अन्योलले निर्वाचन व्यवस्थापनमा अराजकता निम्तिन सक्ने चेतावनी दिएका थिए।

अमेरिकन सिभिल लिबर्टिज युनियन (एसिएलयु) ले निर्णयलाई मतदान अधिकार, निर्वाचनको अखण्डता र लोकतन्त्रका लागि ठूलो विजय भनेको छ। एसिएलयुकी मतदान अधिकार परियोजनाकी निर्देशक सोफिया लिन ल्याकिनले राष्ट्रपतिले निर्वाचन सञ्चालन नगर्ने र अन्ततः नोभेम्बरको निर्वाचनको निर्णय मतदाताले गर्ने बताउनुभयो।

यसैबीच, अमेरिकी हुलाक सेवाका एक कर्मचारीले सेवाले प्रयोग गरिरहेको प्रणाली अव्यवस्थित र हतारमा तयार पारिएको भन्दै लाखौं मतदाताले मतपत्र प्राप्त गर्न नसक्ने चेतावनी दिनुभएको छ।

ट्रम्पले लामो समयदेखि मेल-इन मतदानको आलोचना गर्दै आए पनि यस वर्ष फ्लोरिडाको रिपब्लिकन प्राथमिक निर्वाचनमा आफैं हुलाकमार्फत मतदान गर्नुभएको थियो। उहाँले मेल-इन मतदानलाई सन् २०२० को राष्ट्रपति निर्वाचन डेमोक्रेट जो बाइडेनले आफूबाट चोरी गरेको भन्ने गलत दावीसँग जोड्दै आउनुभएको छ।

सर्वेक्षणहरूले रिपब्लिकन पार्टीले नोभेम्बरको निर्वाचनमा कङ्ग्रेस, विशेषगरी प्रतिनिधिसभामा रहेको आफ्नो साँघुरो बहुमत गुमाउने जोखिम देखाएका छन्। डेमोक्रेटहरू विजयी भएमा उनीहरूले ट्रम्पका नीतिगत योजना रोक्ने र उहाँविरुद्ध तेस्रोपटक महाभियोग प्रक्रिया अघि बढाउन सक्ने सङ्केत गरेका छन्।

## इरान युद्धले अमेरिकी हतियार भण्डारमा दबाब

वासिङ्टन, ३० भदौ (रासस/एएफपी)।

इरानविरुद्धको सैन्य अभियानका कारण अमेरिकी रणनीतिक हतियार भण्डारमा कमी आएको र हतियार पुनःआपूर्तिमा औद्योगिक अवरोध देखिएको अमेरिकी रक्षा विभागका महानिरीक्षकले बताउनुभएको छ। कङ्ग्रेसलाई बुझाइएको प्रतिवेदनअनुसार ‘अपरेसन एपिक फ्युरी’ को फेब्रुअरी २८ देखि जुन ३० सम्मको अनुमानित लागत ३३ अर्ब ४० करोड अमेरिकी डलर पुगेको छ भने २२ अर्ब ३० करोड डलर खर्च भइसकेको छ।

प्रतिवेदनले अभियानमा ठूलो मात्रामा हतियार प्रयोग हुँदा रणनीतिक भण्डार घटेको उल्लेख गरेको छ। युद्धका क्रममा चार एफ-१५ विमान र ३० एमक्यू-९ रिपर ड्रोन नष्ट भएका तथा एउटा एफ-३५ र सात केसी-१३५ ट्याङ्कर विमान क्षतिग्रस्त भएका छन्।

राष्ट्रपति डोनाल्ड ट्रम्पले भने हतियार भण्डारमा कमी आएको चिन्ता अस्वीकार गर्दै अमेरिकासँग ‘लगभग असीमित’ गोला-बारुद रहेको बताउनुभएको छ। सोमबार उहाँले अमेरिकाले इतिहासकै सबैभन्दा उत्कृष्ट र ठूलो परिमाणमा हतियार उत्पादन गरिरहेको दाबी गर्नुभयो।

यसअघि सिएनएनले लामो दूरीका क्षेप्यास्त्र र हवाई प्रतिरक्षा प्रणालीका अवरोधक क्षेप्यास्त्रको अभावले अमेरिकी रणनीतिमा असर परेको जनाएको थियो। अमेरिकी सेनाले थाड प्रणालीका करिब ८० प्रतिशत अवरोधक क्षेप्यास्त्र प्रयोग गरिसकेको बताइएको छ।

अमेरिकी सेन्ट्रल कमान्डका अनुसार युद्धको पहिलो २४ घण्टामै अमेरिकी सेनाले एक हजारभन्दा बढी लक्ष्यमा आक्रमण गरेको थियो। प्रतिवेदनले इरानी आक्रमणबाट कुवेत, बहराइन, कतार, संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया, इराक, ओमान र जोर्डनस्थित अमेरिकी सैन्य आधारका सयौं संरचनामा क्षति पुगेको जनाएको छ। ती संरचनाको पुनर्निर्माण लागत भने हालको खर्च अनुमानमा समावेश गरिएको छैन।

# विद्यालयमा सुविधा बृद्धि भएपछी विद्यार्थी संख्या दोब्बर



**दैनिक समाचारदाता**
**राजविराज, ३० भदौ ।**

सेवा सुविधामा बृद्धि भएपछी सप्तरीको ६ वटा सामुदायीक विद्यालयमा पढ्न आउने बालबालिकाको संख्या दोब्बर भएको छ।

"गुणस्तरीय शिक्षामा कोही पनि पछी नपरुन" परियोजना लागु भएका ती विद्यालयहरुमा अहिले विद्यार्थी संख्या दोब्बर भएका हुन् ।

विगतमा ९२ जना विद्यार्थी रहेको सप्तरीको छिन्नमस्ता गाउँपालिका १ वरही स्थित श्री जनता राष्ट्रिय प्राथमिक विद्यालयमा अहिले २ सय १६ विद्यार्थी नियमित आउने गरेको प्रधानाध्यापक सुकदेव यादवले बताए ।

उनले सेभ द सप्तरी नामक संस्थाले लाखौं मूल्य बराबरको शैक्षिक, मनोरंजन, खेलकुद र विद्यालय व्यवस्थापनका लागी सामग्रीका साथै पाँच कोठे सुविधा सम्पन्न शौचालय निर्माण गरिदिए पछी विद्यार्थी संख्या बढेको बताए ।

विद्यालय व्यवस्थापन समितीका सदस्य एवं अभिभावक पवित्री कुमारी यादवले विद्यालयमा सो संस्थाले उक्त कार्यक्रम ल्याएपछि विद्यार्थीको संख्या ह्वातै बढेको सुनाईन । विद्यालयमा अहिले बाल विकास तर्फ ३३, कक्षा १ मा ४७, कक्षा २ मा २७, कक्षा ३ मा ३४, कक्षा ४ मा ३० र कक्षा ५ मा ४५ गरी कुल २ सय १६ विद्यार्थी रहेको छन् ।

सेभ द सप्तरीको पछिल्लो सहयोगले विद्यार्थीको संख्या र नियमितता दुबै बढाएको उनको भनाई छ । उनले उक्त संस्थाले विद्यालयलाई दराज, कम्प्युटर, प्रिन्टर, फस्ट एड बक्स, जिम, इ-हाजिरी उपकरण, डिजिटल घडीका साथै प्रत्येक विद्यार्थीलाई स्कुल ब्याग, शैक्षिक सामाग्रि, खेलकुद तथा अशक्त विद्यार्थीलाई सहायक सामग्री प्रदान गरेपछी विद्यार्थीमा आकर्षण बढेको सुनाए ।

सेभ द सप्तरीका अध्यक्ष ध्रुव प्रसाद देवले युरोपेली युनियन तथा सेभ द चिल्ड्रेनको सहयोगमा उक्त परियोजना जिल्लाको ६ वटा सामुदायीक विद्यालयमा लागु भएको र ६ वटै विद्यालयको परिणाम उत्साहजनक देखिएको बताए ।

परियोजनाका संयोजक अनिल कुमार यादवले उक्त कार्यक्रम हाल जिल्लाको राजाजी आधारभुत, राजेन्द्र देवकी, राष्ट्रिय आधारभुत मंसापुर, विपी आधारभुत, जनता आधारभुत र राजविराज नगरपालिका २ का आधारभुत गरी ६ वटा विद्यालयमा लागु भएको जानकारी दिए ।

# भोटेकोशी बाढीमा एक हजार ३ सय ९९ शव फेला

काठमाडौं, ३० भदौ (रासस) ।

रसुवा बाढीमा परी हराईरहेका मध्ये हालसम्म एक हजार ३९९ जनाको शव फेला परेको छ ।

प्रहरी प्रधान कार्यालयले आज सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार फेला परेका शवमध्ये ५४४ पुरुष, ३३६ महिला र ५१९ वटा आंशिक अङ्ग छन् ।

केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेका अनुसार बाढीपछि हालसम्म चार हजार ८९ जना बेपत्ता छन् । बेपत्ता हुनेमा दुई हजार ९०७ पुरुष, ५७२ महिला, २७२ विदेशी पुरुष र ३२८ विदेशी महिला छन् ।

बाढीमा परी घाइते भएका नौ हजार २८७ जनाको उद्धार गरिएको प्रवक्ता काफ्लेले जानकारी दिनुभयो । उहाँका अनुसार फेला परेका शवको पहिचानका लागि 'डिएनए' नमुना सङ्कलनलगायत आवश्यक प्रक्रिया पूरा गरी हालसम्म एक हजार २३० शव व्यवस्थापन गरिएको छ ।

"फेला परेका शवको पहिचानका लागि डिएनए नमुना सङ्कलनलगायत आवश्यक प्रक्रिया पूरा गरी हालसम्म एक हजार २३० शव व्यवस्थापन गरिएको छ । पहिचान प्रक्रिया पूरा नभएका शवलाई सुरक्षित रूपमा माटोमुनि राखिएको छ", प्रवक्ता काफ्लेले भन्नुभयो ।

प्रहरीका अनुसार शव पहिचानका लागि मृतकका शवबाट एक हजार २८६ र बेपत्ता व्यक्तिका आफन्तबाट एक हजार ८८९ डिएनए नमुना सङ्कलन गरिएको छ ।

बाढी प्रभावित क्षेत्रमा उद्धार, खोजी, राहत वितरण तथा शव व्यवस्थापनलगायतका कार्यका लागि हालसम्म सात हजार ९७५ जना प्रहरी कर्मचारी परिचालन गरिएको प्रवक्ता काफ्लेले बताउनुभयो ।

यसैगरी, विभिन्न जिल्लामा स्थापना गरिएका होल्डिङ सेन्टरमा हाल तीन हजार ४४० जना रहेको प्रहरीले जनाएको छ ।

# भोटेकोशी बाढीमा ३४ देशका ६०७ विदेशी पर्यटक बेपत्ता

काठमाडौं, ३० भदौ (रासस) ।

रसुवाको भोटेकोशीमा आएको बाढीमा परेर ३४ देशका ६०७ विदेशी पर्यटक बेपत्ता भएका छन् ।

पर्यटन विभागका सूचना अधिकारी सुरज घिमिरेले विभिन्न कम्पनीमार्फत कैलाश मानसरोवर र जनैपूर्णिमा मेलाका लागि गोसाइँकुण्ड गएका ६०७ विदेशी पर्यटक बेपत्ता भएको राससलाई जानकारी दिनुभयो । बेपत्ता भएका विदेशी पर्यटकमध्ये २६९ पुरुष, ३२९ महिला र नौ लिङ्ग नखुलेका नागरिक छन् । बेपत्ता भएका विदेशी नागरिकमध्ये सबैभन्दा बढी छिमेकी मुलुक भारतीय छन् ।

विभागका अनुसार भारतका १८९ नागरिक बेपत्ता भएका छन् । यसबाहेक अष्ट्रेलियाका ३३, बेलारुसका दुई, क्यानडाका ३०, फिनल्याण्डका एक, फ्रान्स चार, जर्मनी आठ, हङ्गेरी एक, आइरिस दुई, इजरायल एक, लिथ्वानियाका एक, मलेसियाका ५५, नेदरल्याण्डका दुई जना बेपत्ता भएका छन् ।

न्यूजरल्याण्डका पाँच, पोर्चुगलका दुई, रसियाका छ, सिङ्गापुरका नौ, साउथ अफ्रिकाका छ, स्पेनका दुई, युक्रेनका ५४, बेलायतका ३२, अमेरिकाका ६५, जापानका पाँच, फिलिपिन्सका एक, काजकिस्तानका तीन, बेल्जियमका दुई, स्वीडेनका एक जना बेपत्ता छन् ।

लाटभियाका ३३, स्वीजरल्याण्डका एक, इटलीका दुई, चीनका ३७, भियतनाम एक, इस्टोनियाका दुई र कोरियाका नौ पर्यटक हराएका छन् ।

बाढीमा परेर नेपालका १८८ पर्यटक बेपत्ता भएका हुन् । विभागका अनुसार वेपत्ता हुनेमा १६१ पुरुष र २७ महिला छन् । वेपत्ता हुनेमा विदेशी पर्यटकको सहयोगीका रुपमा गएका र कैलाश मानसरोवर तथा गोसाईकुण्ड घुम्न गएका नेपाली रहेको विभागका सूचना अधिकारीले बताउनुभयो ।

सरकारले विपदका बीच उद्दार कार्य पनि जारी राखेको छ । हालसम्म ३१० विदेशी पर्यटकको सफल उद्धार गरिएको विभागले जनाएको छ । उद्धार भएकामध्ये २५८ पुरुष र ५२ महिला छन् ।

यसैगरी, बाढीपछि सम्पर्कविहीन भएकामध्ये १३ जना (तीन पुरुष, नौ महिला र एक अन्य) हाल सम्पर्कमा आएका छन् । स्थानीय प्रशासन र सुरक्षा निकायले बेपत्ता भएकाको खोजी र राहत कार्यलाई तीव्रता दिएको छ ।

# भारतले नेपाललाई दैनिक ६५४ मेगावाट विद्युत दिने

काठमाडौं, ३० भदौ (रासस) ।

भारत सरकारले नेपाललाई दैनिक ६५४ मेगावाट विद्युत् उपलब्ध गराउने भएको छ । भारतको ऊर्जा मन्त्रालयले सोमबार एक विज्ञप्ति जारी गर्दै उक्त जानकारी दिएको हो ।

भारतले यही सेप्टेम्बर १३ देखि आगामी डिसेम्बर ३१ सम्म नेपाल विद्युत् प्राधिकरणलाई राति १२ बजेदेखि साँझ ६ बजेसम्म विद्युत् उपलब्ध गराउने निर्णय भएको जनाएको छ । भारतका अनुसार मुजफ्फरपुर-ढल्केबर ४०० केभी डबल सर्किट प्रसारण लाइनमार्फत अधिकतम ६०० मेगावाट र टनकपुर-महेन्द्रनगर १३२ केभी सिङ्गल सर्किट प्रसाइनमार्फत ५४ मेगावाट विद्युत् उपलब्ध गराइनेछ ।

भारतले सन् २०२७ जनवरीदेखि हुने विद्युत् निर्यात भने सन् २०२६ डिसेम्बरमा समीक्षा गरिने उल्लेख गरेको छ ।

यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा गएको भीषण बाढीका कारण जलविद्युत् आयोजनाका पूर्वाधारमा असर परेको छ । भारतले कठिन परिस्थितिमा नेपाललाई सहयोग गर्न तथा ऊर्जा क्षेत्रमा दुईर॰ देशबीचको द्विपक्षीय सहकार्यलाई थप सुदृढ बनाउन प्रतिबद्ध रहेको उल्लेख गरेको छ ।

# गुठी विधेयक चाँडै ल्याइन्छ : मन्त्री रावल

काठमाडौँ, ३० भदौ (रासस) ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले गुठी जग्गा व्यवस्थापनका लागि आवश्यक कानुनको तर्जुमा भइरहेको जानकारी दिनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदसँगको प्रश्नोत्तर कार्यक्रममा भाग लिंदै मन्त्री रावलले धर्म, सभ्यता, सम्पदा, परम्परा, संस्कृति, अभ्यास, सार्वजनिक सम्पत्तिको संरक्षण आदिलाई ध्यान दिएर कानुनको मस्यौदा भइरहेको जानकारी दिनुभयो । उहाँले विज्ञ र सरोकार भएका व्यक्ति सरकारले घनिभूत अध्ययन र छलफल गरिरहेकाले यथाशीघ्र विधेयक प्रस्तुत गरिने विश्वास दिलाउनुभयो ।

बैठकमा सांसद युवराज दुलालले गर्नुभएको प्रश्नको जवाफ दिँदै मन्त्री रावलले गुठीमा रहेका जग्गाको हक अधिकारबारे सरकार गम्भीर रहेको स्पष्ट गर्दै प्रचलित कानुनबमोजिम मोहियानीमा कमाइ आएको जग्गासमेत खरिद बिक्री गर्न सकिने तथा हक हस्तान्तरण हुने बताउनुभयो ।

उहाँले कानुन बनाएर जग्गा रैकर गर्न सकिने र गुठीमा बनेका घरको लिलामी बैंकले नलिने भएकाले नागरिकलाई पर्ने समस्यालाई सम्बोधन गर्न कानुन तर्जुमा अवगत गराउनुभयो । मन्त्री रावलले जग्गा खण्डीकृत नगर्न सर्वोच्च अदालतबाट भएको आदेश तथा विगतमा सरका र सम्बन्धित पक्षसँग भएको सहमतिको पालना गर्ने गरी कानुनमा व्यवस्था गरिने पनि बताउनुभयो ।

विगतमा राष्ट्रियसभामा गुठी विधेयक पेस भए पनि विवादका कारण फिर्ता भएको थियो ।

# गत आवमा सात खर्ब २० अर्बको घरजग्गाको कारोबार

काठमाडौं, ३० भदौ (रासस) ।

गत आर्थिक वर्षमा रु सात खर्ब २० अर्ब ८६ करोड बराबरको घरजग्गाको कारोबार भएको जनाएको छ । नेपाल राष्ट्र बैङ्क आर्थिक अनुसन्धान विभागले मंगलबार सार्वजनिक गरेको तथ्याङ्अनुसार आर्थिक वर्ष २०८२/८३ मा घरजग्गाको कारोबारमा बढोत्तरी भएको छ ।

राष्ट्र बैंकका अनुसार आव २०८१/८२ मा भने रु तीन खर्ब ८६ अर्ब १५ करोड अर्ब बराबरको घरजग्गा कारोबार भएको थियो । आर्थिक वर्ष २०८२/८३ मा घरजग्गाको कुल कारोबारको सङ्ख्या आव २०८१/८२ को तुलनामा चार दशमलव ७४ प्रतिशतले बढेको छ । अघिल्लो आवको तुलनामा २०८१/८२ मा भने घरजग्गाको कारोबार संख्या एक दशमलव ८४ प्रतिशतले घटेको थियो ।

## *प्रधानमन्त्री राहत ...*

वाणिज्य बैंकका खाताहरूमा १० अर्ब ८ करोड ४३ लाख ८ हजार ५१७ रूपैयाँ मौज्दात छ । यस्तै, दुई वटा वाणिज्य बैंकमा २ करोड ३६ लाख १२ हजार ५९६ अमेरिकी डलर मौज्दात छ ।

यसअघि उक्त कोषबाट बाढी प्रभावित क्षेत्रका लागि रु एक अर्ब राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा निकासा भइसकेको छ ।

# भन्सार छलेर नेपाल भित्राउदै गरेको ११ लाख रुपैयाँ भन्दा बढीको लत्ताकपडा बरामद

**दैनिक समाचारदाता**
**वीरगन्ज, ३० भदौ ।**

पर्सा प्रहरीले भन्सार छली गरी तस्करी गर्दै भारतबाट नेपाल भित्राउँदै गरेको अवस्थामा करिव ११ लाख रुपैयाँ भन्दा बढीको अवैध लता कपडा नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साले विशेष सुचनाको आधारमा वीरगन्ज महानगरपालिका वडा नम्बर १६ ईनरुवा गाउँबाट ११ लाख २ हजार १ सय ४० रुपैयाँ बराबरका विभिन्न किसिमका लत्ताकपडा पक्राउ गरी नियन्त्रणमा लिएको हो ।

पर्सा प्रहरीले २७ गते शनिवारको साँझ जिल्ला प्रहरी कार्यालय पर्साबाट खटेको विशेष टोलीले उक्त भन्सार छलिका सामान लता कपडा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साका सुचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक चक्र मल्लले जनाएका छन् ।

पर्सा प्रहरीले नियन्त्रणमा लिएको लता कपडामा साडी कुर्ता सुरुवाल लगायतका सामान रहेको प्रहरीले जनाएको छ ।

बरामद गरिएका लत्ताकपडा आवश्यक कारबाहीका लागि वीरगन्ज भन्सार कार्यालयमा बुझाइएको पर्सा प्रहरीका सुचना अधिकारी एवम प्रहरी नायव उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिएका छन् ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*